दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक २२२ | बुटवल | २०८२ साउन २२ गते, बिहीबार | नेपाल संवत ११४५ | Thursday August 07, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

## मधेश केन्द्रित सात दलीय मोर्चाबाट जनमत पार्टी अलग

**मोर्चाको चुनावी गठबन्धनबाट अलग भएको जनाउ जनमतले बुधबार सियारीमा भएको सभामा अनुपस्थित भएर दिएको छ।**




**लुम्बिनी संवाददाता**
*बुटवल*

मधेश केन्द्रित सात दलको संघीय लोकतान्त्रिक मोर्चाबाट जनमत पार्टी अलग भएको छ। पार्टीले औपचारिक घोषणा गरिनसके पनि मोर्चाले बुधबार रुपन्देहीको सियारीमा गरेको सभामा जनमत पार्टी अनुपस्थित भएको छ।

मोर्चाले रुपन्देही ३ को उप-निर्वाचनलाई लक्षित गर्दै सियारी गाउँपालिका -३ मा जनजागरणसभा गरेको थियो।

कार्यक्रममा मोर्चाका ६ दलका शीर्ष नेताहरू उपस्थित थिए। तर जनमत पार्टी सहभागी नभएको र आगामी दिनमा पनि चुनावी मोर्चामा सहभागी नहुने जनमत पार्टीका केन्द्रीय सचिव भोपेन्द्र यादवले बताए।

'सरकारसँगका हाम्रा माग, संघर्ष र मुद्दाहरुमा मोर्चामा सँगै छौं, तर चुनावी गठबन्धनमा हामी रहन्नौं, अलग हुन्छौं, त्यसैले सभामा पार्टीको उपस्थिति नभएको हो।'-यादवले भने। रुपन्देही ३ मा हुन लागेको उप-चुनावमा जनमत पार्टीले छुट्टै उम्मेदवारी दिने र मोर्चालाई समर्थन नगर्ने सचिव यादवले प्रष्ट पारे।

चुनावी मोर्चाबाट अलग हुने औपचारिक निर्णय हुन बाँकी भए पनि चुनाव लक्षित मोर्चाको कुनै पनि कार्यक्रममा सहभागी नहुने आन्तरिक निर्णय भइसकेको सचिव यादवले खुलाए।

रुपन्देही ३ मा २०७९ सालको आम चुनावको समानुपातिक मत हेर्दा जनमत पार्टी समेतको मत जोड्ने हो भने संघीय लोकतान्त्रिक मोर्चा पहिलो शक्ति हुन्थ्यो।

गत चुनावमा ९० हजार मत खसेकोमा समानुपातिकतर्फ नेपाली कांग्रेसले २० हजार २७८, एमालेले १६ हजार ९८६ मत, रास्वपाले १४ हजार १५४ र राप्रपाले ९ हजार १८३ मत पाएका थिए।

त्यस्तै नागरिक उन्मुक्ति पार्टीले ६ हजार, जसपा नेपालले ५ हजार मत, लोसपाले ५ हजार, जनमत पार्टीले ३ हजार ७०० मत पाएका थिए।

अहिले मोर्चामा हृदयेश त्रिपाठीको जनता प्रगतिशील पार्टी, तमलोपा र राजेन्द्र महतो नेतृत्वको राष्ट्रिय मुक्ति पार्टी समेत थपिएका छन्। तर जनमत पार्टी अलग हुँदा मोर्चाको मत कम हुन्छ।

सभामा बोल्दै राष्ट्रिय मुक्ति पार्टी नेपालका अध्यक्ष राजेन्द्र महतोले अहिलेको सरकार काण्डै काण्ड वाला सरकार भएको र देशलाई लुट्न र पाप लुकाउनलाई बनेको आरोप लगाए। उनले रुपन्देही ३ को चुनावलाई मोर्चाले ०८४ मा हुने चुनावमा मधेशी मोर्चा सकिने कि बाँच्ने परीक्षणका रुपमा हेरेको बताए।

नागरिक उन्मुक्ति पार्टीका संरक्षक रेशम चौधरीले रुपन्देही ३ को उप-चुनावमा मधेसीहरूले थारुलाई विश्वास गरेर आफ्नो पार्टीलाई उम्मेदवार दिएको भन्दै जसरी पनि जित्नैपर्ने दबाबमा रहेको बताए। चौधरीले ०८२ सालमा भएका राजनीतिक सहमतिहरू पालना नभए ०८४ सालमा त्यसको असर देखिने चेतावनी समेत दिए।

जनता प्रगतिशील पार्टीका अध्यक्ष हृदयेश त्रिपाठीले राज्यसत्ता मधेशी, थारु, मुस्लिम लगायतको हुन नसकेको बताए। उनले चुरे र वन विनाश हुने खालको कानुन बनाए विद्रोह हुने जनाए।

तमलोपाका अध्यक्ष वृषेशचन्द्र लालले लाल आयोगको प्रतिवेदन यथाशीघ्र सार्वजनिक गरिनुपर्ने बताए। जसपा नेपालका महासचिव रामकुमार शर्माले मधेश जनविद्रोहको कारण भुल्न नहुने भन्दै मधेश केन्द्रीत दलहरु नमिलेसम्म उत्पीडिनबाट मुक्ति नहुने जनाए।

लोसपाका प्रदेश अध्यक्ष प्रदेश मन्त्री सन्तोष पाण्डेले मोर्चाको साझा उम्मेदवारलाई मोर्चाका सबै दलले साथ दिनुपर्ने बताए।

## ३.९६ जीपीए ल्याएका पौडेललाई सम्मान



बुटवल। राष्ट्रिय परीक्षा बोर्डले हालै प्रकाशित गरेको कक्षा १२ को परीक्षाको नतिजामा ३.९६ जीपीए ल्याएका अर्घाखाँचीका राजेश पौडेल नगदसहित सम्मानित भएका छन्। बुटवलको क्यानन् सेकेण्डरी स्कुलमा विज्ञान संकाय पढेका पौडेललाई विद्यालयले नगद १५ हजारसहित सम्मान गरेको हो।

३.९६ जीपीए यो वर्षको नतिजाको सर्वाधिक अंक हो। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष थानेश्वर पौडेलले राजेश नेपाल प्रथम भएको विद्यालयको दाबी रहेको बताए।

अध्यक्ष पौडेलले विद्यार्थीलाई विभिन्न क्षेत्रमा इन्टनसिपमा पठाएर पढ्दै कमाउँदै गर्ने वातावरणका लागि संस्थाले पहल गरिरहेको बताए। विद्यालयका प्रधानाध्यापक शंकर भण्डारीले विज्ञान विषयका २९ जनामध्ये उत्कृष्ट नतिजासहित शतप्रतिशत उत्तीर्ण तथा व्यवस्थापन विषयमा १२० जनामध्ये ८० प्रतिशत विद्यार्थी उत्तीर्ण भएको जानकारी दिए। उनले संस्थाले विद्यार्थीको शैक्षिक गुणस्तर वृद्धिमा योजनाबद्ध ढंगले काम गरिरहेको बताए।

सम्मानित विद्यार्थी राजेशले कलेजको विद्यार्थीमैत्री वातावरणले उत्कृष्ट नतिजा ल्याएको उल्लेख गर्दै स्नातक तहमा इञ्जिनियरिङ विषय नेपालमै पढ्ने निर्णय गरेको बताए। कार्यक्रममा नेपाल पत्रकार महासंघ रुपन्देहीका उपाध्यक्ष विश्वास ढकाल, विद्यालयका सह-प्राचार्य विष्णुप्रसाद न्यौपानेलगायतले आफ्ना धारणा राखेका थिए।

## दलसम्बन्धी नयाँ प्रावधानको सामूहिक प्रतिवाद गर्ने विपक्षी दलहरूको निर्णय

बुटवल। कांग्रेस र एमाले बाहेकका दलहरुले 'राजनीतिक दल स्वमूल्याङ्कन कार्यविधि, २०८२' को संयुक्त रुपमा प्रतिवाद गर्ने निष्कर्ष निकालेका छन्। प्रमुख प्रतिपक्ष दल नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले राखेको बैठकपछि सञ्चारकर्मीहरुसँग कुरा गर्दै नेकपा एकीकृत समाजवादीका वरिष्ठ उपाध्यक्ष राजेन्द्र पाण्डेले निर्वाचन आयोगले दुई ठूला पार्टी मात्रै रहने गरी नयाँ प्रावधान ल्याउन खोजिएको बताए।

उक्त कार्यविधि सरकारमा रहेका दलहरू कांग्रेस र एमालेकै चाहनाअनुरूप ल्याउन लागिएको भन्दै आवश्यकताअनुसार संघर्ष र प्रतिवाद गर्ने कुरामा पनि दलहरूका बिचमा समझदारी बनेको बताए।

'निर्वाचन आयोगले संविधानविपरीत काम गर्दैछ, हामी लिखित रुपमा संयुक्त रुपमा प्रतिवाद गर्छौं। दुई ठूला दलबाहेक अरु सबै दल निर्वाचन आयोगका कदमका विरुद्ध एकैठाउँमा आएका छौं।'-उनले भने।

निर्वाचन आयोगको कदम कानुन र न्यायसम्मत नभएको भन्दै विपक्षी दलहरु एकैठाउँमा आएको रास्वपाका नेता गणेश पराजुलीले बताए।

## तिलौराकोटलाई विश्व सम्पदा सूचीमा राख्न पुनः प्रस्ताव पेश गरिने



बुटवल। तिलौराकोटलाई युनेस्कोको विश्व सम्पदा सूचीमा समावेश गराउन नेपालले पुनः प्रस्ताव पेश गर्ने भएको छ।

सिंहदरबारमा बुधबार बसेको प्रतिनिधिसभा अन्तर्गतको अन्तर्राष्ट्रिय सम्बन्ध तथा पर्यटन समितिको बैठकमा मन्त्री बद्रीप्रसाद पाण्डेले युनेस्कोको आगामी ४८औं वर्ल्ड हेरिटेज कमिटीको बैठकमा तिलौराकोटको प्रस्ताव पुनः प्रस्तुत गरिने जानकारी गराए।

यसअघि ४७औं बैठकमा तिलौराकोटलाई सूचीमा समावेश गराउने सरकारको प्रयास प्राविधिक कमजोरी र कूटनीतिक असहमतिका कारण सफल हुन नसकेको उनको भनाइ थियो।

मन्त्री पाण्डले तिलौराकोटलगायत प्रस्तावित स्थलका सम्बन्धमा भारतले असहमति राखेका कारण प्रक्रिया जटिल भएको उल्लेख बताए।

कपिलवस्तुलाई हटाएर तिलौराकोटलाई विश्वसम्पदा सूचीको रूपमा स्वीकार गर्न भारतले प्रस्ताव गरेको तर नेपालले अस्वीकार गरेको पाण्डेले सुनाए।

अहिले लुम्बिनी विकास कोषले अपेक्षाअनुसार काम गर्न नसकेको भन्दै पाण्डेले केही सुधारात्मक काम अगाडि बढेको र आगामी दिनमा योजनाहरू थप व्यवस्थित र प्रभावकारी बनाइने बताए।

बैठकमा लुम्बिनी विकास कोषका उपाध्यक्ष डा. ल्हारक्याल लामाले लुम्बिनी गुरुयोजनाका बारेमा सरकारको नीति नहुँदा समस्या देखिएको बताए। सरकारले नीति बनाए कोषलाई सरकारको पैसा आवश्यक नपर्ने र आफूले बजेट जुटाउने उनको भनाइ थियो। पछिल्लो समय सरकारले कोषको बजेट कटौती गर्दै लगेको गुनासो गर्दै उनले आफू कोषमा गएपछि तलब भत्ता नलिएर नै धेरै काम गरेको बताए।

विकास कोषका पदाधिकारी र कर्मचारीबारे आएका समाचार सत्य नभएको उनको भनाइ थियो।



# सम्पादकीय

## प्रतिफलविहीन आयोजना

रूपन्देहीको सैनामैनामा निर्माण भएको चिस्यान केन्द्र (कोल्ड स्टोर) सञ्चालन नहुँदा विकास आयोजनामा गरेको लगानीप्रति प्रश्न उठेको छ । विकास आयोजनाको निर्माण बेलैमा सम्पन्न नहुने र पूर्वाधार बनेपछि सञ्चालनका लागि प्रक्रियागत झण्झटलाई टुंग्याउन नसक्दा प्रतिफल पाउन समस्या भएको छ ।

पाँच वर्षअघि निर्माण सुरु भएको चिस्यान केन्द्रको निर्माण सम्पन्न भएको केही महिना बितेको छ । पाँच वर्ष समय लगाएर २ करोड ६७लाख ४५ हजार रुपैयाँमा निर्माण भएको चिस्यान केन्द्र आवश्यकताको आधारमा बनेको हो कि मागका आधारमा भन्ने प्रश्न उठेको छ । चिस्यान केन्द्रको भवन तयार भएको छ, एक सय केभीएको ट्रान्सफर्मर, जेनेरेटरलगायत सम्पूर्ण पूर्वाधार तयार भइसकेका छन् । तीन सय मेट्रिक टन क्षमता रहेको चिस्यान केन्द्रलाई बेलैमा सञ्चालन गर्न सके किसानले लाभ पाउन सक्थे ।

विकास आयोजनाको निर्माण योजनाका आधारमा अघि बढाउने परिपाटीको विकास हुन सकेको छैन । योजनाका आधारमा बजेट विनियोजन हुने परिपाटी भयो भने आवश्यकताको पहिचान हुन्छ । योजनाको आधारमा बजेट विनियोजन भयो भने प्रतिफल प्राप्त हुन्छ । मागको आधारमा औचित्य पुष्टि नहुने ढंगले बजेट भद्रगोल तरिकाले छर्दा बेलैमा आयोजना पूरा नहुने प्रवृत्ति मौलाएको छ । लुम्बिनी प्रदेश सरकारले धेरै ठाउँमा मागका आधारमा चिस्यान केन्द्र निर्माण गर्‍यो । ती चिस्यान केन्द्र अहिले अलपत्र परेका छन् । धेरै सञ्चालन नहुँदै कामै नलाग्ने भएका छन् । विकास आयोजनामा भएको यो बेथिति हटाउन सक्दा मात्रै बजेट खर्चको प्रतिफल पाउन सकिन्छ ।

विकास आयोजना सम्पन्न भएपछि लक्षित वर्गले प्रतिफल पाउनुपर्छ । लक्षितवर्गले प्रतिफल पाउँदा बजेट खर्चको क्षेत्र विस्तार हुनसक्छ । पुँजीगत खर्च अपेक्षित नभइरहेको र भएको खर्च पनि नतिजामुखी आयोजनामा नभएकाले अब तहगत सरकारले योजना निर्माण, कार्यान्वयन र बजेट खर्चमा ध्यान दिनुपर्छ । सैनामैना चिस्यान केन्द्र एउटा उदाहरण हो, जुन आयोजनामा बजेट खर्च भयो, प्रतिफल प्राप्त हुन सकेन् । देशैभरी विभिन्न आयोजनाको अवस्था यस्तै छ कि प्रतिफलमुखी आयोजना बनेका छन् ? त्यो अध्ययन गरी सुधार गर्न सक्दा बजेट प्रतिफलमुखी आयोजनामा खर्च गर्ने प्रणाली विकास हुनसक्छ ।

# जनताको इतिहास, ज्ञान र वंशावली सङ्कलनका कठिनाइहरू



तुल्सीराम पाण्डे

मानिस मरेमा पनि आफ्ना पितृहरूसँग भेट नहुने र प्रेत भएर डुल्ने सम्भावना हुन्छ । अहिले २०८० सालमा आधुनिक नाम राखेको दोस्रो पुस्ता जन्मिसकेको छ । धार्मिक सङ्गठनहरू र पुरानो पुस्ताले तत्कालै पहल गरेमा चिनाकै नामबाट सबैको बोलाउने र लेख्ने नाम चलाउन सकिन्छ । त्यसपछि पुस्ताको निरन्तरता हुन्छ । धर्म कर्मको फल पाइन्छ । वि.स. २१०० लागेपछि त्यसो गर्न खोजे पनि धेरै ढिलो भइसकेको हुनेछ ।

लिखित प्रमाण बनाउँदा तीन पुस्ते राख्नुपर्ने नभएको भए धेरै मानिसलाई आफ्नो हजुरबाको नाम थाहा हुने थिएन । मानिसले आफ्नो काँधमा जिम्मेवारी परेपछि मात्र आफूलाई चाहिने कुराहरूको खोजी गर्दो रहेछ । थोरै मानिसले मात्र सरदरभन्दा माथि उठेर भविष्यमा आवश्यक पर्ने धर्म, कर्म र विकासका कामहरू गरेको पाइन्छ। त्यसमा पनि काम गर्न चाहने मानिस साधारण परिवारको भएमा ठूला र प्रतिष्ठित मानिसहरूबाट आउने अवरोधको सामना गर्नुपर्ने हुन्छ । धैर्य र साहसी मानिसले मात्र समाजका बुद्धिजीविहरूको साथ लिएर अवरोधलाई तर्कपूर्ण तरिकाले पन्छाउन सक्छ र आफूले आँटेको काम पूरा गर्छ ।

नेपालमा रहेका सबै जातिले आफ्नो अधिकारसँगै इतिहास र वंशावली खोज्ने क्रम चलिरहेको छ । प्रजातन्त्रको पुनर्स्थापनापछि जातीय मुक्ति मोर्चाहरू खुलेसँगै जनताको इतिहास पनि खोज्न सुरु भएको पाइन्छ । सबैले आ-आफ्नै ढङ्गले आफ्नो इतिहास र वंशावली खोज्दै होलान् । यहाँ बाहुन क्षेत्रीहरूको वंशावली खोज्दाको कठिनाइको बारेमा कुरा गरौं ।

हिन्दु धर्म मान्ने देशहरूमा बाहुन र क्षेत्रीहरू सधैँ राजाको नजिकमा रहेर देशको सेवा गरेको पाइन्छ । बाहुनले पढाइ लेखाइको काम गर्दथे । क्षेत्रीहरूले देशको रक्षा गर्दथे । विभिन्न कालखण्डमा ठाउँ र समयअनुसार स्वतन्त्र राज्यहरूले आफ्नो विशेषताका कानुनहरू पनि बनाउँथे । एउटा राज्यले अर्को राज्यसँग सन्धि-सम्झौता र युद्ध गर्दा समेत तिथि, मिति र राजाको नाम लेखिन्थ्यो । मल्लकाल र त्यसभन्दा पहिले शिलालेख र ताम्रपत्र बनाएर राखिन्थ्यो । इतिहासको खोज गर्नेहरूले राजाको मात्र इतिहास लेखेका छन् । कुनै पनि इतिहासकार र विद्वानले जनताको योगदानको पनि चर्चा गर्ने र इतिहास लेख्ने गरेको पाइँदैन । इतिहास जित्नेहरूको मात्र लेखिन्छ भन्ने प्रमाण यो पनि हो ।

जनताको इतिहास र वंशावली खोज्दा फलाना राजाका पालामा भनेर अनुमान गर्नसम्म सकिन्छ । तिथि र मिति भेट्टाउन मुस्किल पर्दछ । धर्म कर्म र परम्पराले कुनै बेला सजिलो र कुनै बेला अप्ठेरो बनाएको छ ।

हाम्रो धार्मिक मान्यताअनुसार मानिस मरेपछि उसको चिना घरमा राख्नु हुँदैन । कसैले चितामा सँगै जलाउँछन्, कसैले केही समयपछि गंगाजीमा बगाइ दिन्छन् । मानिससँगै मूल प्रमाण नष्ट भयो । केही मानिसहरू कहिले छिट्टै र कहिले धेरै वर्षमा बसाई सर्दथे । त्यसपछि दाजुभाइ र इष्टमित्रको चिनजान हराउँथ्यो । अचेल जस्तो सबै मानिस लेख्न जान्ने हुँदैनथे । धेरै मानिसहरू औँठा छाप नै हुन्थे । आफ्नो पनि इतिहास लेखेर राख्ने स्वतन्त्र सोंचको विकास भएको थिएन । केही कुराहरू लेखेमा पनि लामो समय सुरक्षित राख्ने मानिस र ठाउँ भेट्टाउन मुस्किल हुन्थ्यो । आजकाल जस्तो कागज र कलमको विकास भएको थिएन । राजाको अगाडि रैती जान्ने भएमा र राजालाई चित्त नबुझेमा कडा सजाय पाउने डर हुन्थ्यो । राज्य र कानुनको प्रभाव समाजमा पनि परेको थियो ।

बाबुबाजेले पनि छोरा नातिलाई आफ्नो ज्ञान र सीप सजिलै सिकाउँदैनथे । छोरा नातिले तर्कसङ्गत कुरा गरेमा पनि तँ बुढो कि म बुढो "खुकुरी भन्दा कर्द लाग्ने" तैँलेभन्दा मैँले धेरै भोटा फटालेको छु भन्दै हप्काउँथे । पाका मानिसको नाम सोधेमा तँलाई किन चाहियो "उप्पर माथिको चुप्पर" बन्न नखोज् भन्दै हप्काउँथे । ठूला मानिसको नाम भनेमा हेपेको वा गाली गरेको हुन्थ्यो । साना मानिसको पनि नाम लुकाउने चलन थियो । अहिले जस्तो घर छोडेर परदेश जाने चलन पनि त्यति थिएन । छोराहरू धेरै हुने हुनाले घरमा बस्नेले धर्म र कर्मअनुसार काम गर्थे । लेखेर राख्ने आवश्यकता नभएर पनि नलेखेका होलान् ।

असल कर्म गर्नु पर्दछ । फलको आशा गर्नु हुँदैन भन्ने धार्मिक मान्यताले गर्दा दान दक्षिणा गर्दा पनि गोप्य रूपमा गर्दथे । कसैले चौपारी चिन्ने, बाटामा फलफूलका रुख रोप्ने, ठाँटी पौवा बनाउने, पानीको घैँटो राखिदिने, भण्डारा लगाउने मानिसले पनि आफ्नो नाम लेखाएर राख्दैनथे । राजा, तालुकदार, मुखिया वा अरू कसैको अगुवाइमा काम भएमा अगुवाइ गर्नेको नाम रहन्थ्यो । अरू मानिसको श्रमको कुनै महत्त्व हुँदैनथ्यो । मानिसहरूले गर्नेभन्दा गराउने भलो भन्दथे । सामान्य ज्ञान लिँदा पनि गुरुबाट लिनुपर्ने र झुक्नुपर्ने हुन्थ्यो । आफूखुसी औषधि बनाउन, जडीबुटी चिन्न, खैँजडी, मजुरा बजाउन, भजन गाउन, नियम कानुनका कुरा बताउन खोजेमा जान्ने हुने भन्दै हप्काउँथे । जडीबुटीको नाम भनेमा औषधि लाग्दैन भन्दथे । धामी झाँक्री विद्या पनि आफ्नू मान्छे एक जनालाई मात्र सिकाउँथे । आफू नसक्ने भएपछि मात्र अरूलाई कारोबार र ज्ञान दिन्थे । त्यसलाई "लेखापाखा कहने" भन्दथे ।

कसैले आफ्नो ज्ञान दिन खोजेमा पनि सोधेको कुराको सिधै जवाफ दिन सक्दैनथे । आफ्ना दमालीसँग बसेर आफ्ना सुरले कुरा गर्दामात्र सबै कुरा भन्न सक्थे । हाम्रो धर्म कर्ममा देवतालाई जसरी सम्झे पनि खुसी हुने र पितृलाई वाक्य शुद्ध हुनुपर्ने हुन्छ । धर्म कर्म गर्दा आफ्नो श्रीमान श्रीमती, बा-आमा, बुढाबा-बुढी आमा, बुढा बुढाबा-बुढी बुढीआमा, जिजुबा-जिजुआमा, जेठाबा, माइलाबा, बा का सबै दाजुभाइहरू, उनीहरूका श्रीमतीहरू, सौते आमा, दाजुभाइ दिदी-बहिनीहरू, फुपूहरू, छोराछोरीहरू, मावलका बुढाबा-बुढीआमा, त्यस माथिका ४ पुस्ताका श्रीमान श्रीमती, मामा-माइजू, सानिमा, ठुलीआमा, सासु-ससुरा, गुरु-गुरुआमा अरू कसैको किरिया गरेको भएमा उसको नाम, नाति-नातिनीहरूको पनि नाम जान्नु पर्ने हुन्छ । यी कुराहरूलाई सामान्य ज्ञानको रूपमा पहिल्यै जानेमा काम पर्दा सजिलो हुन्छ ।

आजकाल आफूखुसी आधुनिक नाम राख्ने चलनले गर्दा काम परेको समयमा गुरुले राखेको चिनाको नाम बिर्सने र नयाँ नामले कर्म गर्दा फल नमिल्ने हुन्छ । दान धर्म र पिण्ड तर्पण गर्दा दिनेबाट हराउने र पाउनेले नपाउने हुन्छ । मानिस मरेमा पनि आफ्ना पितृहरूसँग भेट नहुने र प्रेत भएर डुल्ने सम्भावना हुन्छ । अहिले २०८० सालमा आधुनिक नाम राखेको दोस्रो पुस्ता जन्मिसकेको छ । धार्मिक सङ्गठनहरू र पुरानो पुस्ताले तत्कालै पहल गरेमा चिनाकै नामबाट सबैको बोलाउने र लेख्ने नाम चलाउन सकिन्छ । त्यसपछि पुस्ताको निरन्तरता हुन्छ । धर्म कर्मको फल पाइन्छ । वि.स. २१०० लागेपछि त्यसो गर्न खोजे पनि धेरै ढिलो भइसकेको हुनेछ ।

# नाम मात्रैको बन्यो अनलाइन सेवा

अनुसा थापा

**यहाँ बस्ने बुढाबुढी, बालबच्चा छन् । विचरा ती बालबालिका र बुढाबुढीले के कानुन जानुन् । त्यसैले त उनीहरु ठगिरहेका छन् । दिनदिनै सरकारी कार्यालय धाउन नसकेपछि दलालीलाई पैसा दिएर काम गराउनुपर्ने बाध्यता छ । सरकारी कार्यालयमा दलालीहरुको बिगबिगी मौलाउनुमा नेता र सरकारी कर्मचारीकै योगदान छ ।**

अहिले अनलाइनको जमाना छ । प्रविधिका कारण अधिकांश सेवाहरु डिजिटलाइज्ड भइसकेको छ । सरकारले पनि आफ्नो सेवालाई डिजिटल माध्यमतर्फ लगिरहेको छ । तर, के ती सेवा प्रभावकारी छन् त ? छैनन् । सरकार भन्छ,'अनलाइनमार्फत् सेवा लिनुस्, कार्यालयसम्म धाउनै पर्दैन ।'

पढेलेख भएका, इन्टरनेट भएका, हातमा मोबाइल र कम्प्युटर भएकाले अनलाइनमार्फत् सेवा लेलान् । नपढेका, इन्टरनेटको पहुँच नभएका, हातमा मोबाइल नभएकाहरुको हकमा के ? उनीहरु त जहाँबाट भए पनि सरकारी कार्यालय नै धाउनुपर्यो । कार्यालय आएर दलालीमार्फत् लुटिनैपर्यो ।

केही दिनअगाडिको कुरा हो, भक्तपुरको राधेराधेस्थित यातायात व्यवस्था कार्यालयमा सेवाग्राहीको भीड थियो । दलालीहरु त्यहाँ खुलेआम लाइसेन्सको बार्गेनिङ गरिरहेका थिए । अर्कोतर्फ, लेखनदासहरुले पनि निवेदन लेखेको चर्को रकम मागिरहेका थिए । यो त एउटा नमूना मात्र थियो ।

हरेक सरकारी कार्यालयको अवस्था यस्तै छ । सेवा अनलाइनबाट भए पनि एकदमै झण्झटिलो छ । कहिले वेभसाइट चल्दैन त कहिले के ? जसका कारण सबै कार्यालय नै धाउनुपर्ने बाध्यता छ । अनलाइन त नाम मात्रको सेवा बन्न पुगेको छ । सेवाग्राहीले कति दुःख पाएका छन् ? सरकारी कार्यालयका हाकिमहरुलाई थाहा हुँदैन ।

सरकारी कर्मचारी 'दिन कटाउने र माना पचाउने' मै ध्याउन्न छन् । जसका कारण सेवाग्राहीले धेरै दुःख पाइरहेका छन् । हाकिमहरु दिनभर अर्का कर्मचारीको कोठामा गएर गफिएर बस्छन् । जबकि, उनीहरुले त दिनभर कार्यालयमा के भइरहेको छ ? सेवाग्राहीले कस्तो सेवासुविधा पाइरहेका छन् ?

सेवादेखि सेवाग्राही सन्तुष्ट छन् कि छैनन् ? दलालीले ठगेका छन् कि छैनन् ? अनुगमन गर्नुपर्ने हो । तर, त्यस्तो छैन । एकातिर सहज रुपमा सेवा पनि दिन सक्दैनन्, अर्कोतिर दलालीको बिगबिगी रोक्न कुनै कदम पनि चाल्दैनन् । नेपालका सरकारी कार्यालय सेवाग्राहीलाई रणभुल्ल बनाउने खालको छ ।

सर्वसाधारणले बुझ्नेगरी कार्यालयमा बोर्ड राखिएको हुँदैन । अर्कोतिर, सेवाग्राहीलाई सूचना दिनका लागि राखिएको कर्मचारीहरु पनि दिनभर डेस्कमा हुँदैनन् । जसले गर्दा सेवाग्राही बिचौलियासँग ठोक्किन पुग्छन् । सरकारले निःशुल्क दिएका सेवाहरु बिचौलियामार्फत् महँगो शुल्क तिरेर गर्नुपर्ने बाध्यता सेवाग्राहीलाई छ ।

हुन त दलालीसँग सरकारी कार्यालयका हाकिम नै मिलेका हुन्छन् । हाकिम र दलालीको सेटिङमा सरकारी कार्यालयमा लुट मच्चिएको छ । हाकिमहरु जानाजान सेवाग्राहीलाई दलालीकहाँ जानुपर्ने अवस्था सिर्जना गरिदिन्छन् । उनीहरु कुनै बेला पनि आफ्नो कार्यकक्षमा हुँदैनन् ।

सेवाग्राहीले केही समस्या वा गुनासो भए पनि सुनिदिने कोही हुँदैन । जसले गर्दा उनीहरु दलालीकहाँ जानुपर्ने बाध्यता आइपर्छ । जबकि, सरकारी कार्यालयका कर्मचारी कार्यालय समयभर आफ्नो कार्यकक्षमा हुनुपर्ने हो । लेखनदासहरु बिरालोले मुसा ढुकेझैं ढोकामा सेवाग्राही ढुकेर बस्छन् ।

सेवाग्राही आउनेबित्तिकै झम्टिहाल्छन् । त्यसपछि उनीहरुलाई 'मुर्गा' बनाइन्छ । यता, कर्मचारीहरु पनि सेवाग्राहीमार्फत् आएको काम नगर्ने । दलाली र लेखनदासले ल्यायो भने तुरुन्तै गरेर पठाइदिने । मुलुकको कर्मचारीतन्त्रकै कारण सरकारी कार्यालयमा दलालीको रजगज चलेको प्रष्टै छ ।

सरकारी कार्यालय बिहान १० बजे कार्यालयमा हाजिर भइसक्नुपर्छ । साँझ ५ बजेसम्म उनीहरुले आफ्नो कार्यकक्षमा बसेर सेवा प्रवाह गर्नुपर्छ । तर, कार्यालय प्रमुख २ बजे नै अर्काको कोठामा गफ गरेर बसिरहेको भेटिन्छ । प्रसंग, गएको बुधबारको हो । राधेराधेमा भएको यातायात कार्यालयका हाकिम डण्डबहादुर बस्नेत आफ्नो कार्यकक्षमा रहेको बोर्ड बाहिरतर्फ पारेर अर्को कोठामा मज्जाले गफिएर बसेका थिए ।

यता, सूचना अधिकारी पनि गायब थिए । तल्तिर दलालीले सेवाग्राहीलाई हत्तु हैरान बनाइरहेका थिए । अर्को कर्मचारीको कोठामा गएर बस्नुको साटो आफ्नो कार्यालयमा अनुगमन गरेको भए, उनले दलाली कति रहेछन् ? भन्ने थाहा पाउँथे । आफ्नो कार्यालयमा के भइरहेको छ ? सेवाग्राहीले कति दुःख पाइरहेका छन् ? जानकारी हुन्थ्यो ।

उनको कार्यकक्ष बन्द भएपछि अधिकांश सेवाग्राही निराश हुँदै त्यत्तिकै फर्किए । सरकारी कार्यालयमा अनुगमन गर्नका लागि धेरै निकाय छन् । तर, ती निकाय सबै बेकामको भए । अनुगमनमै ननिस्किने निकायको के काम ? प्रधानमन्त्री, मन्त्री कतै अनुगमनमा ननिस्किने । कतै हिँड्नुपर्यो भने अगाडि पछाडि बाक्लो सुरक्षाकर्मी खटाउँछन् ।

मन्त्रीहरु अनुगमन गर्न जाँदाखेरि पहिल्यै सूचना दिन्छन् । सूचना दिएर कसैले अनुगमन गर्छ ? सूचना पाएपछि 'चोर' त सतर्क हुने भइहाले । सबै नौटंकी नै हो । म पिटेजस्तो गर्छु, त रोएँजस्तो गर भन्ने क्रम चलिरहेको छ । हुन त यहाँ माथिदेखि तलसम्म घुसखोरीहरु छन् । कर्मचारीहरु दलालीमार्फत् घुस खान्छन्, मन्त्रीहरु कर्मचारीमार्फत् ।

जुनसुकै व्यवस्था आए पनि घुसले देशलाई कहिल्यै नछोड्ने भयो । सेवाग्राहीले कहिल्यै सहज रुपमा सेवा नपाउने भए । सरकार भन्छ-'गाउँगाउँमा सिंहदरबार ।' गाउँगाउँमा सिंहदरबार होइन, ठगहरुको दरबार हो । एउटा सेवा लिन राजधानीमा त महिनादिन लाग्छ भने गाउँको त कुरै छोडौं ।

राज्यको ढुकुटी राजस्वविहीन छ । तर, नेता र कर्मचारी घुस खान छोड्दैनन । देश डुबे पनि उनीहरुलाई मतलब छैन । कर्मचारीहरु बाहिर हामी घुस लिन्न भन्छन् । यहाँ सबभन्दा घुसखोरी भनेकै कर्मचारी हुन् । आफू सिधा नलिने, तर घुमाउँरो बाटोबाट घुस असुल्ने । सरकारी कर्मचारीले महिनावारी तलब पाउँछन् ।

अवकाश भएपछि पनि पेन्सन पाउँछन् । चाडपर्व खर्च, उपचार खर्च, सरकारी गाडीलगायत सबै सेवासुविधा दिइएको छ । तर, उनीहरु आफ्नो काममा कहिल्यै जिम्मेवार हुँदैनन् । अनि जनताले कसरी छिटोछरितो सेवा पाउँछन् । देशमा विकास हुन्छ ? नेपालको संविधानले दिएको नागरिकताको अधिकारसमेत सरकारी कर्मचारीले खोसिरहेका छन् ।

किनकि एउटा नागरिकता लिन महिनौ धाउनुपर्छ । वडा सचिव कहिल्यै हुँदैनन् । आज गयो, भोलि गयो । सर्वसाधारणले यति दुःख पाएका छन् कि बयान गरिसाध्य छैन । कर्मचारीहरु आफूलाई राजा नै सम्झिन्छन् । जनताले तिरेको करबाट तलब खाएर जनतालाई नै सास्ती दिइन्छ ।

एउटा सरकारी काम लिन जानुपर्यो भने सर्वसाधारणले महिना छुट्याउनुपर्छ । महिनाभर पनि त्यो काम हुने हो कि होइन ? टुंगो हुँदैन । एमाले अध्यक्ष केपी शर्मा ओलीको विरोधमा बोल्ने पार्टीकै नेता कारबाहीमा पर्छन् । माओवादी पनि त्यही बाटोमा छ । काम पनि गर्न नसक्ने अनि विरोध पनि सहन नसक्ने । यस्ता पनि नेता । काम गरेको भए, कसले विरोध गर्थे ? नेता भनेर हिँडेका छन्, तर जनताले कहाँ कति कष्ट भोगिरहेका छन् ? सरकारी कार्यालयका हाकिमको मिलिभगतमा जनता कति लुटिएका छन् ? कुनै कुराको जानकारी छैन । पढेलेखेका सबै विदेश गइहाले । यिनीहरुले यहाँ बस्न नदिएपछि युवाहरु विदेश हानिए ।

यहाँ बस्ने बुढाबुढी, बालबच्चा छन् । विचरा ती बालबालिका र बुढाबुढीले के कानुन जानुन् । त्यसैले त उनीहरु ठगिरहेका छन् । दिनदिनै सरकारी कार्यालय धाउन नसकेपछि दलालीलाई पैसा दिएर काम गराउनुपर्ने बाध्यता छ । सरकारी कार्यालयमा दलालीहरुको बिगबिगी मौलाउनुमा नेता र सरकारी कर्मचारीकै योगदान छ ।

# नेप्से परिसूचकमा झिनो अंकको सुधार



काठमाडौँ । सेयर बजारमा सामान्य सुधार आएको छ । बुधबार नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक २.३५ अङ्कले बढेर २८३६.३५ विन्दुमा पुगेर बन्द भएको छ ।

परिसूचकमा सामान्य वृद्धि भए पनि कारोबार भने निराशाजनक देखिएको छ । बजारमा कुल ७ अर्ब ६३ करोड १३ लाख ७५ हजार ९५२ रुपैयाँ बराबरको कुल कारोबार भयो ।

कारोबारमा आएका कम्पनीहरूमध्ये ११२ वटाको मूल्य बढेको छ भने १३८ वटाको मूल्य घटेको छ । बजारको पुँजीकरण बढ्ने कम्पनीभन्दा घट्ने कम्पनीको संख्या धेरै भए पनि परिसूचक भने हरियो भएर बन्द भएको छ हो ।

सबैभन्दा धेरै कमाउनेमा विन नेपाल लघुवित्त, महुली लघुवित्त र ट्रेड टावर कम्पनी रहेका छन् । यी कम्पनीहरूको सेयर मूल्य १० प्रतिशतले बढेको छ ।

अघिल्ला दुई दिन घटेको ट्रेड टावर सर्किट लेभलमा बढेको छ । सबैभन्दा धेरै गुमाउने थ्रिस्टार हाइड्रोपावरको मूल्य ३.७८ प्रतिशतले घटेको देखिएको छ ।

कारोबार रकमको आधारमा डादी ग्रुप पावर र हिमालयन रिइन्स्योरेन्स कम्पनी सबैभन्दा अगाडि रह्यो । यी कम्पनीको क्रमशः २९ करोड ४५ लाख र एचआरएलको २८ करोड २ लाखको कारोबार भयो ।

बजारमा आठ वटा समूहका सूचक घट्दा पाँच वटा मात्रै बढेका छन् ।



**निर्माणाधीन त्रिवि क्रिकेट मैदान**

काठमाडौँको कीर्तिपुरस्थित निर्माणाधीन त्रिवि क्रिकेट मैदान। समयमा काम नसक्दा ठेकेदार कम्पनीले आयोजनाको कूल रकमको शून्य दशमलव शून्य पाँच प्रतिशत दैनिक हर्जना तिर्दै आएको छ। तस्विर : गोपाल दाहाल/रासस

# निर्माण व्यवसायी विकासका पहरेदार : थापा




स्याङ्जा। नेपाली काँग्रेस स्याङ्जाका सभापति तथा संघिय सांसद राजु थापाले निर्माण व्यवसायी विकासका पहरेदार रहेको बताएका छन्। लोकतान्त्रिक निर्माण व्यवसायी संघ स्याङ्जाको प्रथम जिल्ला अधिवेशनको उद्घाटन गर्दै सभापति थापाले निर्माण व्यवसायी विकास र राष्ट्रका आधारशिला भएको बताएका हुन्। निर्माण व्यवसायीकै कारण देशका हरेक कठिन विकास निर्माणका कार्यहरु सम्पन्न भएको उदाहरण दिँदै राज्यको मेरुदण्डको रुपमा रहेको निर्माण व्यवसायीलाई सहज तवरले काम गर्ने वातावरण मिलाइनुपर्ने धारणा थापाले राखे।

नेपाली काँग्रेसको भातृसंगठन रहेको लोकतान्त्रिक निर्माण व्यवसायी संघले पार्टीलाई बलियो बनाउने भूमिका खेल्न सबैलाई आग्रह गरे।

हरेक विकासमा काँग्रेस जोडिएको छ भन्ने सन्देश दिन हरेक विकास निर्माणका कार्यहरु तोकिएकै समयमा सम्पन्न गर्न पनि सभापति थापाले अनुरोध गरे। पार्टीको संगठन र विकासलाई सगँसगै लैजाँदै पाटीलाई मजबुद बनाउनेतर्फ लाग्न सबै निर्माण व्यवसायीहरुलाई थापाको आग्रह थियो।

कार्यक्रममा निर्माण व्यवसायी संघका संरक्षक तथा पूर्व गण्डकी प्रदेश सांसद भागवत प्रकाश मल्ल, लोकतान्त्रिक निर्माण व्यवसायी संघका केन्द्रीय सह–संयोजक राजेन्द्र पहाडी, लोकतान्त्रिक निर्माण व्यवसायी संघका समन्वय विभागका केन्द्रीय सदस्य खिमप्रकाश मल्ल, लोकतान्त्रिक निर्माण व्यवसायी संघ गण्डकी प्रदेशका संयोजक सुरेश श्रेष्ठ, नेपाल निर्माण व्यवसायी संघका गण्डकी प्रदेशका अध्यक्ष टंकप्रसाद बराल, नेपाली काँग्रेस स्याङ्जाका प्रवक्ता भरत लम्साल लगायतका वक्ताहरुले निर्माण व्यवसायीको हक अधिकारका बारेमा आ-आफ्ना धारणा राखेका थिए।

नेपाल लोकतान्त्रिक निर्माण व्यवसायी संघ स्याङ्जाका अध्यक्ष अर्जुनकुमार कार्कीको सभापतित्वमा सम्पन्न उद्घाटन अधिवेशनको कार्यक्रममा सञ्चालन विष्णुप्रसाद पोखेल र स्वागत रामचन्द्र पौडेलले गरेका थिए। कार्यक्रममा जिल्ला भरका नेपाली काँग्रेस निकट निर्माण व्यवसायीहरुको सहभागिता रहेको थियो।

**लोकतान्त्रिक निर्माण व्यवसायी संघको अध्यक्षमा : पौडेल**

लोकतान्त्रिक निर्माण व्यवसायी संघ स्याङ्जाको प्रथम अधिवेशनले रामचन्द्र पौडेललाई निर्वाचित गरेको छ। अध्यक्ष पौडेलको अध्यक्षतामा १९ सदस्य जिल्ला कार्यसमिति चयन गरिएको युवा निर्माण व्यवसायी सुनिल चापागाँईले जानकारी दिए।

उनका अनुसार संघको उपाध्यक्षमा जगतबन्धु कोइराला र मनोज कुमार श्रेष्ठ, महासचिवमा गौरव प्रधान, उप–महासचिवमा भरत मल्ल, कोषाध्यक्षमा रमेश शर्मा र सह–कोषाध्यक्षमा बेलमाया शर्मा चयन भएका छन्।

त्यसैगरी संघको सदस्यहरुमा भानु अधिकारी, भिम थापा मगर, भुवन भण्डारी, आशिषप्रताप खाँण, अमर राना, रमेश रोका, सचिन क्षेत्री, अनिल क्षेत्री, सौजन गुरुङ्, सुरेन्द्र प्रसाद ढकाल, कृष्णमान श्रेष्ठ र नवराज थापा रहेका छन्।

निर्वाचित सबै पदाधिकारी र सदस्यहरुलाई नेपाली काँग्रेस स्याङ्जाका सभापति राजु थापाले प्रमाणपत्र दिएर बधाई तथा शुभकामना व्यक्त गरेका थिए।

# पर्यटक तानिरहेको बुकीपाटनमा 'गोठबास'ले सहज



बागलुङ। ढोरपाटन उपत्यकादेखि करिब साढे चार घण्टाको पैदलयात्रामा पुग्न सकिन्छ, गर्पाछेडा। समुन्द्री सतहदेखि चार हजार मिटरको उचाइमा रहेको गर्पाछेडा बुकीपाटनको पहिलो प्रवेशद्वार हो।

भीर, जङ्गार र अग्ला पहाड छिचोल्दै यहाँ पुग्ने पर्यटक थकित हुन्छन्। उपत्यकादेखि लगातारको पैदलयात्रामा गर्पाछेडा पुगेका पर्यटकलाई विश्रामका लागि गोठबास (गोठस्टे) सञ्चालनमा ल्याइएको छ। केही समय अघिसम्म विश्रामका लागि यहाँ भेडीगोठबाहेक अरु कुनै पनि संरचना थिएन।

गत वर्षदेखि बुकीपाटनमा पर्यटकको चाप बढ्न थालेपछि गर्पाछेडामा गोठस्टे सञ्चालनमा ल्याइएको हो। अहिले दैनिकजसो औसतमा एक सयको हाराहारीमा आन्तरिक तथा बाह्य पर्यटक बुकीपाटन जाने गरेका छन्। विशेष गरी बर्खाको समयमा बुकीपाटन हरियाली देखिने र यहाँबाट अनगिन्ती हिमश्रृंखलासहित हजारौँको संख्यामा भेडाका बथानको अवलोकन गर्न सकिने हुँदा पर्यटकको आकर्षण बढेको हो।

बुकीपाटन पुग्ने पर्यटकका लागि खाने र बस्नेको सुविधा नहुँदा उनीहरु भेडी गोठालेसँगै गोठमा रात बिताउने गर्थे। गोठमा रात बिताउँदा चिसोका कारण कति त बिरामीसमेत पर्थे। तर अहिले त्यो समस्याको कम भएको छ। पर्यटकको आगमनमा वृद्धि भएसँगै गत वर्षदेखि ढोरपाटनका सन्देश थापाले बुकीपाटनको प्रवेशद्वार गर्पाछेडामै गोठस्टे सञ्चालनमा ल्याएका हुन्।

थापासँगै स्थानीय महेन्द्र घर्ती मगरले पनि यस वर्षदेखि गोठस्टे सञ्चालनमा ल्याउनु भएको छ। थापा र घर्ती मगरको गोठस्टे नजिकै छ। ढोरपाटन उपत्यकाबाट जाने पर्यटकलाई उनीहरुले स्वागत गर्छन्। घण्टौँको यात्रापछि गर्पाछेडा पुग्ने पर्यटक लागि गोठस्टे विश्रमस्थल बनेको छ। गोठस्टेबाट पर्यटकले उच्च पहाड, हिमश्रृंखला र गोठलाको जनजीवन अनुभूत गर्न पाउँछन्।

अघिल्लो वर्षको तुलनामा यस वर्ष बुकीपाटन आउने पर्यटक बढेको गोठस्टे सञ्चालक सन्देश थापाले बताए।

पछिल्लो समय बुकीपाटन सञ्चारमाध्यम र सामाजिक सञ्जालमा प्रचारप्रसार हुन थालेपछि पर्यटक बढ्न थालेको उनको भनाइ छ। बुकीपाटन गोठस्टे सञ्चालन गर्नुको मुख्य उद्देश्य यस क्षेत्रको प्रवर्द्धन गर्नु र पर्यटकको सेवा गरेको उनी बताउँछन्। गोठस्टेमा बास बस्ने पर्यटकलाई ढोरपाटनमा उत्पादन भएको आलु, बुकीपाटनमा रहेका भेडा च्याङ्राको मासु, लेकाली साग, आँटो ढिडोलगायतका परिकार खान दिने गरेको थापाले बताए।

"बुकीपाटनमा पर्यटक आउन थालेको धेरै भएको छैन, केही समय अघिसम्म यो क्षेत्र पर्यटकका लागि ओझेलमै थियो, दुई/तीन वर्षदेखि यहाँ बढी मात्रामा पर्यटक आउन थालेका हुन्, पोहोर सालदेखि मैले गोठस्टेसुरु गरे, यसवर्ष अर्को एक जना साथीले पनि सुरु गर्नुभएको छ", उनले भने-"पहिले पर्यटक बुकीपाटन आउँदा गोठालासँग गोठमा बस्नु बाध्यता थियो, उहाँहरुलाई खाना र सुत्नका लागि निकै समस्या थियो, अहिले त्यो समस्याको समाधान गरेका छौँ।"

महेन्द्र घर्तीमगरले गत असार पहिलो सातादेखि गर्पाछेडामा गोठस्टे सञ्चालन गरेका हुन्। ढोरपाटन उपत्यकामा होटल सञ्चालन गर्दै आएका घर्तीमगरले गोठस्टे सञ्चालन गरेपछि बास बस्न आउने पर्यटक बढेको बताए।

गोठस्टेमा आउने पर्यटकले एक रातको बसाइँसँगै खाना र खाजाको रु दुई हजार पाँच सय शुल्क लिने गरेको उनको भनाइ छ। कोही पर्यटक बिहान ९ बजे बुकीपाटन पुग्ने र साँझ फर्किने गरेको उनले जनाए।

"बुकीपाटनमा पर्यटकको आगमनमा धेरै वृद्धि भएको छ, सडकको पहुँच नभएको हुँदा पदमार्गमार्फत् यहाँ आउनुपर्छ, हिँडेर आउँदा धेरैलाई थकान लाग्छ, त्यति मात्रै होइन यो ठाउँ उच्च क्षेत्रमा पर्ने हुँदा लेक लाग्छ, केही त बिरामी पर्नुहुन्छ", घर्ती मगरले भने-"बुकीपाटन आउँदा स्वास्थ्यको ख्याल गरेर आउनुपर्छ, हामीहरुले गोठस्टेमा आउने पर्यटकका लागि सामान्य प्राथमिक उपचारको व्यवस्थाप गरेका छौँ, अब पर्यटकलाई पहिलेको जस्तो गोठमा बस्नुपर्ने अवस्था छैन।"

गर्पाछेडाबाट फागुने, टीकाधारलगायतका स्थानमा पुग्न सकिन्छ। गोठस्टेले बुकीपाटन आउँदा बसाइँ र यहाँको घुमफिरलाई सहज बनाइ दिएको पोखरा महानगरपालिका-७ बाट आएका मुकेश सुब्बाले बताए। बुकीपाटनमा आफू पहिलो पटक चार वर्ष अगाडि आएको भन्दै त्यस बेला गोठमै बसेर फर्किएको उनले सुनाए। गोठस्टेमा होटलको जस्तो सुविधा नभए पनि बास बस्न र खाना खानका लागि धेरै सहज भएको उनको भनाइ छ।

# कार्यसम्पादनमा उत्कृष्ट बागलुङ नगरपालिका सम्मानित

बागलुङ। विकास निर्माणमा उत्कृष्ट काम गरेको उल्लेख गर्दै बागलुङ नगरपालिकालाई सम्मान गरिएको छ। विश्व बैंकले नेपाल सरकारमार्फत् बागलुङ नगरपालिकालाई उपलब्ध गराएको रु ४८ करोड अनुदानबाट यहाँको दुई वटा सडक निर्माण सुरु भएको सात महिनामै कालोपत्र गरिएको थियो।

तीन वटा सडकमध्ये दुई वटा सडकको काम सम्पन्न भएको र एउटा सडक कालोपत्रको तयारी भइरहेको छ।

उक्त अनुदानबाट एकै पटक १७ नगरपालिकामा विकास निर्माण भए पनि कार्यसम्पादनका अधारमा बागलुङ नगरपालिका सम्मानित भएको हो।

काठमाडौँमा आयोजित नेपाल सहरी शासकीय तथा पूर्वाधार आयोजनाले आर्थिक वर्ष २०८१/०८२ मा उत्कृष्ट कार्यसम्पादन गर्ने बागलुङ नगरपालिकालाई सम्मान गरिएको हो।

गत असारमा ठेक्का सम्झौता भएको सडक गत माघमै कालोपत्र थालिएको र चैतसम्म दुई वटा सडक कालोपत्र सम्पन्न गरिएको थियो भने एउटा सडक कालोपत्रका लागि ग्राभेल भइसकेको छ। नेपाल सहरी शासकीय तथा पूर्वाधार आयोजनाअन्तर्गत बागलुङ नगरपालिकामा निर्माण भइरहेका तीन प्रमुख सडक योजनाको सफलतापूर्वक सञ्चालन र कार्यान्वयनको मूल्याङ्कन गर्दै उपप्रधान तथा सहरी विकासमन्त्री प्रकाशमान सिंहले नगरप्रमुख वसन्तकुमार श्रेष्ठलाई सम्मान गरेका हुन्।

बागलुङ नगरपालिका-४ स्थित ओडारचौरबाट ढोडेनीसम्म दुई दशमलव दुई किलोमिटर र वडा नम्बर १ रामरेखास्थित गणेशथान घुम्तीबाट निरयघाटको एक दशमलव पाँच किलोमिटर सडक कालोपत्र भइसकेको छ।

निर्माणको अन्तिम चरणमा रहेको बागलुङ नगरपालिका-७ को मूलपानीबाट तितौरेसम्मको आठ दशमल छ किलोमिटर सडकको प्रगति ७० प्रतिशत पुगेको र बर्खा सकिँदा साथ कालोपत्र गरिने निर्माण व्यवसायीका इञ्जिनियर मनोज शर्माले जानकारी दिए।

# कोटाको मल अभाव भएपछि निजी कम्पनीको मल वितरण

नेपालगञ्ज। बाँकेमा कोटामा पाउने रासायनिक मलको अभाव भएपछि स्थानीय तहले निजी कम्पनीले उत्पादन गरेको रासायनिक मल ल्याएर बिक्री तथा वितरण गर्न थालेका छन्। माटो तथा मल परीक्षण प्रयोगशालाले जाँच गरेर बजारमा ल्याएको मिश्रित रहेको रासायनिक मल गाउँपालिकाका विभिन्न १५ सहकारीमार्फत किसानले प्राप्त गरेको खजुरा गाउँपालिकाका अध्यक्ष डम्मरबहादुर विकले जानकारी दिए।

उनले अनुदानमा आएको कोटाको रासायनिक मलको अभावमा किसानलाई मोरङबाट उत्पादन भएको सुन्दर मल वितरण गरिएको बताए। "यसलाई किसानले रुचाउनुभएको छ, त्यसैले यसको माग बढेको छ।"-उनले भने।

अध्यक्ष विकले अहिलेसम्म एक हजार ५०० बोरा रासायनिक मल वितरण भएको जानकारी दिँदै सो मलको अझै माग भइरहेको बताए। चौध हजार घरधुरी रहेको उक्त गाउँपालिकामा अनुदानको मल ९०० बोरा मात्रै पाएपछि विकल्पका रुपमा सो रासायनिक मलको बिक्री वितरण भएको अध्यक्ष विकको भनाइ छ। उनले सो मल अनुदानको मलको तुलनामा महँगो भएको समेत उल्लेख गरे।

# अस्पताल सञ्चालनको पर्खाइमा चन्द्रकोटवासी

गुल्मी। "म आफैँलाई मधुमेह (सुगर) छ, नियमित जाँच र औषधि लिन बुटबल जानुपर्छ", चन्द्रकोट गाउँपलिका-६ हरेवाकी लीलमाया शर्माले भनिन्-"घरैअगाडि १५ शय्याको अस्पताल बनेको छ, सञ्चालनमा नआउँदा सेवा लिन पाइएको छैन।"

शर्माले अस्पताल बनाउने समयमा आफूहरूले गरिखाने खेत माया मारेर अस्पतालका लागि जग्गा दिए पनि अहिले सञ्चालनमा नआउँदा दुःख लागेको बताइन्। उनको घरबाट नवनिर्मित १५ शैयाको चन्द्रकोट अस्पताल पाँच मिनेटभन्दा कम दूरीमा छ। तर निर्माण सम्पन्न भएपछि आफूहरू अस्पताल सञ्चालनकै पर्खाइमा हुँदा शर्माले त्यसको उपभोग गर्न पाएकी छैनन्। उनले नजिकैको अस्पताल सञ्चालनमा आए आफूजस्ता अन्यलाई पनि औषधि लिनका लागि बुटबलसम्म आवतजावत गर्ने समय र पैसाको बचत हुने बताइन्।

"अस्पताल छिटो सञ्चालनमा आउनुपर्छ।"-शर्माले भनिन्। उनले निःशुल्क रूपमा चारआना जग्गा पनि प्रदान गरेकी थिइन्। विसं २०७७ मङ्सिर १५ मा देशभरका तीन सय ९६ पालिकामा एकैसाथ पाँच, १० र १५ शय्याका आधारभूत अस्पतालको शिलान्यास गरिएको थियो। जसमा चन्द्रकोट गाउँपालिका-६ मा १५ शय्याको आधारभूत अस्पतालको तत्कालीन परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीले शिलान्यास गरेका थिए। हाल अस्पताल निर्माण सम्पन्न भएपछि चन्द्रकोटवासी सञ्चालनको पर्खाइमा छन्।

स्थानीय कुमारबहादुर सार्कीले अस्पताल सञ्चालन नहुँदा उपचारका लागि पाल्पा वा बुटबल धाउनुपर्ने बाध्यता रहेको बताए। उनले अस्पताल सञ्चालनका लागि प्रदेश र केन्द्र सरकारले पनि ध्यान दिनुपर्ने बताए।

उनले भने-"यति ठूलो अस्पताल पालिका एक्लैले सञ्चालन गर्न सक्दैन, प्रदेश र केन्द्र सरकारले पनि सहयोग गर्नुपर्छ।" चन्द्रकोट गाउँपालिका-६ मा रु १३ करोड ६६ लाखको लागतमा १५ शय्याको भवन निर्माण गरिएको हो। चन्द्रकोटमा अस्पतालका साथसाथै चिकित्सक बस्ने दुईतले आवास भवन पनि निर्माण गरिएको छ।

गाउँपालिका अध्यक्ष युवराज केसीले अस्पताल सञ्चालनका लागि चिकित्सकको विज्ञापन खुलाउने गरी बजेट स्वीकृत गरिएको जानकारी दिए।

## वन पैदावार बोलपत्रद्धारा लिलाम बिक्रिको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति :२०८२-०४-२२

यस सामुदायिक वनको स्वीकृत वन सम्वर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन योजना बमोजिम डिभिजन वन कार्यालय कपिलवस्तु (कपिलवस्तु) बाट आ.व. ०८१/०८२ मा पुनरुत्पादन तथा ढलापडा कटान तथा थिनिङ तथा सुधार कटानबाट उत्पादन भई खुत्खुते सामुदायिक वन उपभोक्ता समूहको घाटगद्दीमा रहेका साल, असना, भलायो लगायत अन्य जातिको गेलिया थान १९२१ को १६१५८.१२ क्यु.फि काठ र ३६ चट्टा दाउरा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम विक्रि गर्नुपर्ने भएकोले यो सुचना प्रकाशित गरिएको छ। इच्छुक सःमिल वा कम्पनी वा फर्मका प्रोपराइटरले नेपाली नागरीकताको प्रमाणपत्रको प्रतिलिपि, कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र मूल्य अभिवृद्धी कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्बर (पि.ए.एन.) दर्ता र डिभिजन वन कार्यालयमा सुचिकृत भएको प्रमाणपत्रको प्रतिलिपि सहित यो सुचना दैनिक लुम्बिनी राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशन भएको मितिले २१ (एक्काईस) दिन भित्र बोलपत्र खरिद गरी २२ औ दिन सम्म बोलपत्र यस समूहको कार्यालयमा दाखिला गर्न आव्हान गरिन्छ।

खुत्खुते सामुदायिक वन उपभोक्ता समुह
बाणगंगा न.पा. - ०९ कपिलबस्तु

## कर्मचारी आवश्यकता

बुटवलको एक प्रतिष्ठित कुखुरा तथा गाईभैंसीको दाना उत्पादन गर्ने उद्योगको लागि निम्न कर्मचारीको आवश्यकता परेकोले ७ दिनभित्र इच्छुक महानुभावले मिति २०८२ श्रावण २८ गते सम्ममा यस कम्पनीको कार्यालयमा आवेदन बुझाउनुहुन अनुरोध गर्दछौं।

| क्र.स. | पद | संख्या |
|---|---|---|
| १ | Asst.Accountant | 2 |
| २ | Marketing Officer | 2 |

**योग्यता** : सम्बन्धित पदमा कम्तीमा २ वर्षको अनुभव भएको।
**सेवा सुविधा** : कम्पनीको नियमअनुसार।
**आवश्यक कागजात** : शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी, अनुभवको प्रमाणपत्रको प्रतिलिपी, हस्तलिखित निवेदन, बायोडाटा।
**सम्पर्क:** ९८०१३४००८३

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार
प्रो. रामशाह शाहानी



**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।
सम्पर्क:
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्क:
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# प्यूठानका स्थानीय तहको कृषि क्षेत्रमा प्राथमिकता

**लवकुमार अधिकारी**

*प्यूठान*



प्यूठानका स्थानीय तहले कृषि क्षेत्रलाई प्राथमिकतामा राखेका छन् । जिल्लाका स्थानीय तहले कृषकलाई कृषिमा प्रोत्साहन गर्ने उद्देश्यसहित कृषि क्षेत्रलाई प्राथमिकता राखेर आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम बनाएका छन् । स्थानीय तहले किसान पेन्सनदेखि उत्पादनमा आधारित अनुदान कार्यक्रम र आयातलाई घटाउँदै पालिकाभित्र उत्पादित कृषिजन्य बस्तुलाई एकत्रित गरी आफ्नै उत्पादनलाई प्रोत्साहन गर्नेदेखि नगदे बालीलाई सङ्कलन केन्द्रमार्फत् बजारीकरण गर्ने व्यवस्था मिलाउने उल्लेख गरेका छन् । प्यूठानका ३ स्थानीय तहहरुले कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशिलता विकास साझेदारी परियोजना हेफर प्रोजेक्ट नेपाल मार्फत् २ करोड ४५ लाख रकम विनियोजन गरेको छ । किसान, सरकारी, गैरसरकारी र निजी क्षेत्रबाट समेत कृषि विकासका लागि प्रयास भइरहेको छ, तर सन्तोषजनक नतिजा प्राप्त भएको छैन ।

प्यूठान नगरपालिकाले तरकारी तथा दुग्ध उत्पादक कृषकहरुको लागि किसान पेन्सन कार्यक्रमदेखि उत्पादनमा आधारित अनुदान कार्यक्रमलाई निरन्तरता दिने उल्लेख गरेको छ । दूध व्यवसायलाई प्रोत्साहन गर्दै प्रतिलिटर रु १० रुपैयाँका दरले दिने अनुदानलाई निरन्तरता दिएको छ। बाँझो जग्गाको समुचित उपयोग र आय आर्जनका लागि बेसार खेती र विभिन्न फलफूल प्रोत्साहन गरिने उल्लेख गरेको छ। कृषिमा श्रम तथा लागत न्यूनीकरण गर्न नवीनतम कृषि प्रविधिको प्रयोग गरी कृषिको आधुनिकीकरण व्यवसायीकरण र यान्त्रिकरणमार्फत् उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न कृषकलाई अनुदानमा उपकरण वितरण गरिने प्यूठान नगरपालिका कृषि शाखा प्रमुख सिर्जना सेढाइले बताइन् । कृषक एवं कृषि प्राविधिकलाई तालिम, उन्नत किसिमको बिउबिजन र प्रविधि हस्तान्तरणको नीति नगरपालिकाको लागि आर्थिक वर्ष २०८२/०८३ का लागि कृषि तथा पशुपंक्षी शाखामा ९० लाख रकम बिनियोजन गरेको छ।

माण्डवी गाउँपालिकाले कृषि र पशुपालनको क्षेत्रमा विविधिकरण, आधुनिकिकरण, व्यावसायीकरण, गरी उत्पादन र उपादकत्व वृद्धि गर्न यस क्षेत्रमा युवाहरुको परिचालनमार्फत् उत्पादन र उपादकत्व वृद्धि गर्ने क्रियाकलाप सञ्चालन गरी रोजगारी सृजना गर्ने उल्लेख गरेको छ। कृषक एवं कृषि प्राविधिकलाई तालिम, उन्नत किसिमको बिउबिजन र प्रविधि हस्तान्तरणको नीति लिइएको माण्डवी गाउँपालिकाको कृषि शाखा प्रमुख सनत केसीले बताए।

गाउँपालिकालाई मासुमा आत्मनिर्भर बनाउने उद्देश्यसहित वडा नं. ५ लाई बाख्रा पकेट क्षेत्र गुणस्तरीय मासु वितरणका लागि मासु व्यवसायीहरुलाई अनुदान स्वरूप विभिन्न उपकरणहरु प्रदान गरिने शाखा प्रमुख केसीले बताए । स्थानीय जातका फलफूलहरुको संरक्षण गर्दै पालिकाभर नै सम्भाव्यता अध्ययन गरी आँप, सुन्तला, कागती, केरा, कागती, सुन्तलालगायतका फलफूल खेतीलाई व्यावसायीकरण गर्ने नीति लिइएको केसीको भनाइ । गाउँपालिकाले खाद्यान्न बाली, मसला बाली र तरकारी बाली गरि कृषि शाखामा करिव ६३ लाख बजेट बिनियोजन गरेको छ। त्यस्तै पशु सेवा शाखामार्फत् औषधि खरिद, पशु स्वाथ्य शिविर, कृषक अनुदान, किसानसँग गाउँ सरकारलगायतका कार्यक्रममा २९ लाख ५० हजार बजेट विनियोजन गरिएको छ।

नौबहिनी गाउँपालिकाले कृषिलाई उत्पादनमुखी बनाई स्थानीय कृषकलाई उत्पादनसँग आबद्ध गरी परम्परागत खेती प्रणालीलाई विस्तापन गरी किसानहरुलाई व्यवसायिक बनाउने उल्लेख गरेको छ । पालिकाले रैथाने बालीहरु कोदो, मकै, भटमास, गहुँ, जौ, मार्सी धान, फापर जस्ता स्थानीय रुपमा उत्पादित खाद्यवस्तुको संरक्षण र प्रवर्धन गर्नका लागि विशेष कार्यक्रम ल्याइएको उल्लेख गरेको छ। एक बडा एक कृषि पकेट क्षेत्रको अवधारणा अगाडि बढाइने छ। वडा नं. १ मा आलु र रायो खेती, वडा नं. २ अदुवा खेति, वडा नं. ३ कोदो अलैची र आलु खेती, वडा नं.४ अलैची खेती र फलफूल, वडा नं. ५ मकै र कोदो खेती, वडा नं. ६ सुन्तुला तथा मसलाबाली तथा चौमासे सिमी साथै मसलाजन्य खेती अदुवा हलेदो र खुर्सानी खेती, वडा नं. ७ सुन्तला र टिमुर खेती र वडा नं. ८ टिमुर खेती र मसलाजन्य पकेट क्षेत्र केन्द्रित बजेट विनियोजन गरेको छ।

किसानद्वारा उत्पादित खाद्य बालीहरुको संरक्षण गर्नुको साथै उत्पादनको आधारमा संकलन केन्द्र स्थापना गरी कार्यान्वयन गर्ने उल्लेख गरेको छ। पालिकाले सिँचाइ प्रणाली आसपासका जग्गाहरु बाँझो राख्न नपाउने व्यवस्थालाई कार्ययोजनासहित गर्ने, खाली जमिनमा केरा, मकै, घाँस, फूल, नर्सरी सञ्चालनलगायतका कृषिजन्य क्रियाकलाप सञ्चालनका लागि प्रोत्साहित गरिने। पालिकाले बिउ बैङ्क स्थापना गरी संचालनमा गर्ने। साथै स्थानीय रैथाने बीउ संरक्षण हुने गरी कार्यक्रम सञ्चालन गरिने नौबहिनी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत शिवराज पौडेलले बताए । गाउँपालिकाले आर्थिक वर्ष २०८२/०८३ का लागि कृषि तथा पशुपंक्षी शाखामा ६८ लाख रकम बिनियोजन गरेको छ।

सरुमारानी गाउँपालिकाले रैथाने बाली विस्तार, महमा उत्पादनमा आधारिक अनुदान, मौरी पकेट कार्यक्रमअन्तर्गत घार वितरण, विभिन्न सामग्री वितरण र तालिम सञ्चालन गर्ने उल्लेख गरेको छ। रैथाले बालि प्रवर्धन कार्यक्रमअन्तर्गत वडा नं.५ राङवाङमा कोदो बाली बिस्तार, पालिकामा उत्पादन भएका कृषि उपजहरुलाई बजारीकरणको लागि स्टल सहयोग गर्ने । उत्पादनमा आधारित अनुदानमा कार्यक्रमअन्तर्गत दूध र खसी बोका अनुदान, पालिकामा छनौट कृषकहरुलाई मिनीटिलर, मिललगायतका यन्त्रिकीकरण सहयोग गर्ने कार्यक्रम रहेको सरुमारानी गाउँपालिकाको कृषि शाखा प्रमुख इश्वर जिसीले बताए।

व्यावसायिक मौरीपालन कार्यक्रमलाई प्रोत्साहन स्वरुप मौरीघार वितरण गरिनुका साथै उत्पादित महलगायत अन्य स्थानीय उत्पादनको ब्रान्डिङ गरी बिक्री वितरण गर्ने कार्यलाई प्रोत्साहन गरिने नीति तथा कार्यक्रममा उल्लेख गरेको छ। गाउँपालिकाले आर्थिक वर्ष २०८२/०८३ का लागि कृषि शाखामा संघ सरकारबाट १८ लाख ४ हजार, प्रदेश सरकारबाट ४ लाख र स्थानीय सरकारबाट ३१ लाख ५० हजार रकम बिनियोजन गरेको छ।

त्यस्तै पशुसेवा शाखामा संघ सरकारबाट २ लाख २० हजार, सरुमारानी कृषि तथा पशुपंक्षी विकास स्रोत केन्द्रबाट व्यवस्थापन तथा सञ्चालन गर्न २३ लाख र स्थानीय सरकारबाट ३५ लाख ५० हजार बजेट विनियोजन गरेको पालिकाको कृषि शाखा प्रमुख केसीले जानकारी दिए। सरुमारानी गाउँपालिकाले कृषि तथा पशुपंक्षी शाखाबाट १ करोड १४ लाख ६० हजार रुपैयाँ बजेट बिनियोजन गरेको छ। सरुमारानी गाउँपालिकाले कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशिलता विकास साझेदारी परियोजना हेफर प्रोजेक्ट नेपालमार्फत् ७५ लाख रकम विनियोजन गरेको छ।

मल्लरानी गाउँपालिकाले अगुवा कृषकलाई भ्रमण सिकाइ आदानप्रदान कार्यक्रम, रैथाने बाली संरक्षक गर्ने, उत्पादनमा आधारित अनुदान कार्यक्रम, आकस्मिक बाली संरक्षण कार्यक्रम, कृषि उत्पादन बिक्री प्रोत्साहन कार्यक्रम प्राथमिकता राखेको उल्लेख गरेको छ। त्यस्तै आर्थिक वर्ष २०८१/०८२ मा राखेका कार्यक्रमहरु बाली उपचार शिविर घरदैलो उपचार सेवा, कृषक सञ्जाल गठन पुनर्गठन तथा परिचालन गर्ने, व्यावसायिक कृषकलाई कम्पोष्ट मल निर्माण तथा व्यवसायिक खेतीसम्बन्धी तालिम र आवश्क सामग्री सहयोग, माहुरीपालन प्रवर्धन कार्यक्रमहरु यस आर्थिक वर्षमा समेटिको मल्लरानी गाउँपालिकाका कृषि शाखा प्रमुख मोती आचार्यले बताए। गाउँपालिकाले आर्थिक वर्ष २०८२/०८३ का लागि कृषि शाखामा १८ लाख, संघ सरकारबाट १८ लाख ५४ हजार बजेट बिनियोजन गरेको शाखा प्रमुख आचार्यले जानकारी दिए। मकै बिउ उत्पादन कार्यक्रम, किसान सूचीकरण कार्यक्रम, कृषि, पशुपंक्षी तथा मत्स्य तथ्याङ्क अध्यावधिक कार्यक्रम, आ.व. २०८१/०८२ मा स्थापना भएका पकेट विकास कार्यक्रमको निरन्तरता नीति तथा कार्यक्रममा उल्लेख गरेको छ।

झिमरुक गाउँपालिकाले एक वडा एक पकेट उत्पादन क्षेत्र जसमध्ये वडा नं. ३ लाई आलु पकेट क्षेत्र, वडा ५ र ७ लाई सुन्तला पकेट क्षेत्र नीति तथा कार्यक्रममा समेटिएको छ। कृषक तालिम, च्याउ खेती र बेमौसमी तरकारी खेती तालिम, कृषक पाठशाला सञ्चालन, कृषि हाटबजार केन्द्र सञ्चालन, कृषि फर्म व्यवस्थान गर्ने र आर्थिक वर्ष २०८१/०८२ मा भएका कार्यक्रमहरु निरन्तरता दिने झिमरुक गाउँपालिकाका कृषि शाखा प्रमुख तिर्सना जिसीले बताइन्।

त्यस्तै किसान सूचीकरण, औद्योगिक प्रयोजनको लागि व्यवसायिक आलु उत्पादन, कृषि पशुपंक्षी तथा मत्स्य तथ्यांक संकलन कार्यक्रम, उन्नत बिउ वितरकलाई प्रोत्साहन अनुदान, मध्यपहाडी मकैबाली प्रवर्धन कार्यक्रम र पकेट विकास कार्यक्रम निरन्तरता दिने नीति तथा कार्यक्रममा उल्लेख गरेको छ।

झिमरुक गाउँपालिकाले कृषि क्षेत्रमा संघ र स्थानीय तहले ४८ लाख २५ हजार रकम बजेट विनियोजन गरेको शाखा प्रमुख जिसीले जानकारी दिइन।

ऐरावति गाउँपालिकाले संघ सरकारको कार्यक्रम निरन्तरता दिंदै किसान सूचीकरण, मकै पकेट कार्यक्रम र खाद्यन्न बालि उन्नत बिउ वितरण गर्ने नीति तथा कार्यक्रममा समेटिएको छ। आर्थिक वर्ष २०८१/०८२ मा भधएको कार्यक्रमलाई निरन्तरता दिँदै कृषि क्षेत्रमा नौला कार्यक्रम नसमेटिएको ऐरावती गाउँपालिकाका कृषि शाखा प्रमुख प्रदिप ज्ञवालीले बताए। कृषि क्षेत्रमा संघ र स्थानीय तह गरी ३२ लाख रकम विनियोजन गरेको शाखा प्रमुख ज्ञवालीले जानकारी दिए। ऐरावती गाउँपालिकाले कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशिलता विकास साझेदारी परियोजना हेफर प्रोजेक्ट नेपालमार्फत् ७० लाख रकम विनियोजन गरेको छ ।

गौमुखी गाउँपालिकाले कृषि क्षेत्रको व्यवसायीकरण, आधुनिकीकरण र यान्त्रिकिकरण गर्दै आन्तरिक उत्पादनलाई वृद्धि गर्दै आत्मनिर्भरतातर्फ उन्मुक्त हुने नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न निर्धारित योजना र कार्यक्रमहरुमा बजेट विनियोजन गरेको आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम उल्लेख गरेको छ।

एक घर एक फलफूलको बोट अभियान संचालन गर्ने, एक घर एक करेसाबारी कार्यक्रम, बाली तथा पशुबिमा, स्थानीय उत्पादनको बजारीकरणका लागि कृषि हाटबजार र जिल्लाको प्रमुख व्यापारिक केन्द्र बिजुवारमा कृषि उपज बिक्री केन्द्र स्थापनाका लागि बजेट बिनियोजन गरेको छ।

त्यस्तै किसानलाई उत्पादनका आधारमा अनुदान दिने, कोदो, फापरलगायतका रैथाने बालीहरुको संरक्षण एवं प्रवर्धन, पशुजन्य उत्पादनमा वृद्धिका लागि भकारो सुधार कार्यक्रम छ भने गाउँपालिकाका भेडापालक किसानहरुलाई भेडीगोठालोका लागि अनुदानको व्यवस्थासहित भेडा प्रवर्धन कार्यक्रम सञ्चालन गर्न बजेट छुट्याएको छ।

गाउँपालिकामा भएका १ सय ६० कृषकसँग प्राविधिक कार्यक्रममार्फत् कृषकको खेतबारीमा कृषि तथा पशुसेवा प्राविधिकहरु पुगेर भ्याक्सिनेसन, पशु बाझोपन निवारण, आहारा व्यवस्थापन, माटो परीक्षण, बाली तथा पशु उपचार, पशुहरुमा कृत्रिम गर्भाधान, परजीवि एवं ढुसी नियन्त्रणलगायतका कृषि तथा पशुपंक्षीसम्बनीध सेवाहरुलाई प्रभावकारी बनाउन आवश्यक बजेट छुट्याएको छ। आर्थिक वर्ष २०८२/०८३ मा गौमुखी गाउँपालिकालाई तरकारीमा आत्मनिर्भर बनाउनेलगायतका कृषि र पशुंक्षी विकासका क्षेत्रमा ५० लाख बजेट बिनियोजन गरेको छ।

स्वर्गद्वारी नगरपालिकाले कृषिउपज बिक्री वितरणका लागि हाटबजार सञ्चालन गर्ने, कृषिमा घरेलु तथा स्थानीय प्रविधिलाई परिमार्जन गरी साझेदारी संस्थामार्फत् नवीनतम् प्रविधि, यान्त्रिकीकरण, कृषि क्षेत्रको उत्पादनलधाई बजारीकरण गर्ने, बिउबिजन अनुदान तथा कोष स्थापना गर्ने उल्लेख गरेको छ। पशु सेवातर्फ वडास्तरीय पशुपालन तालिम, भैंसीको दूध उत्पादन तथा प्रोत्साहनका लागि सुत्केरी भैंसी भत्ता कार्यक्रम, पशु उपचार घुम्ती सेवा, पशु उपचार कार्यक्रम/औषधि खरिद गर्ने, कृषक समूह परिचालन गर्ने जस्ता कार्यक्रमको १० लाख रकम बिनियोजन गरेको स्वर्गद्वारी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत केशव राज भट्टराईले बताए।

पालिकाबाट कृषि विकास शाखामा ५ लाख र संघ सरकारबाट ४१ लाख रकम बिनियोजन गरेको उल्लेख गरेको छ। साना पशुको लागि खोर निर्माण तथा सुधार,भकारो निर्माण तथा सुधार, तरकारी टनेल, थोपा सिँचाइ, स्प्रे ट्र्यांकी सहयोग, तरकारी मल्चिंग प्लास्टिक सहयोग र क्यारेट सहयोग जस्ता नीति तथा कार्यक्रममा समेटिएको छ। संघ सरकारका कार्यक्रमअन्तर्गत मध्ये किसान सूचीकरण, पहाडी मकै बाली प्रवर्धन, उन्नत बिउ वितरण प्रोत्साहन, खाद्यान्न बाली बिउ उपयोग अनुगमन निरीक्षणलगायतमा ४१ लाख रकम बिनियोजन गरेको छ । नगरपालिकाले कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशिलता विकास साझेदारी परियोजना हेफर प्रोजेक्ट नेपालमार्फत् १ करोड रकम विनियोजन गरेको छ ।

# पन्ध्र सय बढी गर्भवतीलाई निःशुल्क भिडियो एक्स–रे



**गौरीशंकर जयसवाल**

*परासी*

रामग्राम नगरपालिकाले गर्भवती महिलाहरुलाई निःशुल्क सेवा दिँदै आएको छ। नगरपालिकाले खास गरी ग्रामीण क्षेत्रका स्वास्थ्य सेवामा पहुँच बाहिर र स्वास्थ्य संस्थाबाट टाढा रहेका गर्भवती महिलाहरुलाई निःशुल्क भिडियो एक्स-रे सेवा उपलब्ध गराउँदै आएको हो।

साप्ताहिक रुपमा स्वास्थ्य संस्थामा निःशुल्क रुपमा सुरु गरिएको अल्ट्रासाउन्ड सेवा ग्रामीण भेगका महिलाहरुका लागि निकै लाभदायी बन्दै गएको छ।

परासी तथा भैरहवासम्म भिडियो एक्स-रे का लागि जानुपर्ने बाध्यतालाई अन्त्य गर्दै सरकारी स्वास्थ्य संस्थाबाटै सेवा पाएपछि स्थानीय महिलाहरु खुसी भएका छन् । पहिला बुटवाल-भैरहवा र सदकमुकाम जानुपर्ने अवस्थाको अन्त्य गर्दै घरकै दैलोमा स्वास्थ्य सेवा उपचार पाउन थालेपछि स्थानीय मलिाहरु हर्षित भएका छन् । नगरपालिकाले स्वास्थ्य क्षेत्रमा विशेष प्रथामिकता दिई काम गरिहेको छ।

नगरपालिकाले घरदैलो भिडियो एक्स-रे कार्यक्रमअन्तरर्गत नगरभित्रका ८ वटा स्वास्थ्य संस्थाबाट गर्भवती महिलाहरुलाइ निःशुल्क अल्ट्रासाउण्ड सेवा प्रदान गर्दै आएको नगरप्रमख धनपत यादवले जानकारी दिए। यादवले भने-"विशेष गरी गर्भवती महिलाहरुले नियमित स्वास्थ्य जाँच नगराउने समस्या थियो, अहिले गाउँमै भिडियो एक्स-रे सेवा पाएपछि आर्थिक तथा पहुँचको आधारमा धेरै सहज भएको छ।

आर्थिक वर्ष २०८१/०८२ को एक वर्षको अवधिमा १ हजार ५ सय ७७ जना गर्भवतीले निःशुल्क भिडियो एक्स-रे सेवा लिएका छन् । अघिल्लो आर्थिक वर्ष २०८०/०८१ मा कुल ८ सय ८२ जनाले गर्भवतीले निःशुल्क भिडियो एक्स-रे सेवा लिएका थिए। रामग्राम नगरपालिकाका जनस्वास्थ्य निरीक्षक सुरज हरिजनले परासी तथा बुटवल-भैरहवा जानु नपर्दा समयको पनि बचत भएको र नियमित स्वास्थ्य जाँच नगर्ने महिलाहरु पनि जाँचको दायरामा आएको जानकारी दिए।

# क्यूएए प्राप्तीमा कालिका क्याम्पसमा खुशियाली सभा



बुटवल। नेपालमा स्थापनाको छोटो समयमा क्यूएए प्राप्त गरेको बुटवल कालिका कलेजले बुधबार खुशियाली सभा गरेको छ । ३४ जना विद्यार्थीबाट १२ वर्षअघि सुरु भएको कलेजमा हाल ४ हजार बढी विद्यार्थीहरु अध्ययनरत छन् । जहाँ बीबीएस, बीसीए, बीएएसडब्लु, बीएड, एमए आरडी, एमए अंग्रेजी विषयमा अध्यापन हुँदै आएको छ भने निकट भविष्यमा एमबीएस पढाउने तयारीमा छ।

कलेजले विश्वविद्यालय अनुदान आयोगले निर्धारण गरेका आठ वटा मापदण्डहरु नीति तथा प्रक्रिया, पाठ्यक्रम, शिक्षण, अध्ययन तथा मूल्यांकन, अनुसन्धान, परामर्श तथा अतिरिक्त कार्यक्रम, पूर्वाधार तथा सिकाइ श्रोत, विद्यार्थी सहायता तथा मार्गदर्शन, सूचना प्रणाली, सार्वजनिक सूचनामा अब्बल कार्यसम्पादन गर्दै स्वमूल्यांकन र सुधारका दिर्घकालिन अभ्यासमार्फत् संस्थागत सुदृढिकरण पूरा गरेको हो। त्रिभुवन विश्वविद्यालयअन्तर्गत सञ्चालित क्याम्पसले विश्वविद्यालय अनुदान आयोगद्वारा साउन १६ गते औपचारिक रूपमा मान्यता प्राप्त गरेको हो।

क्याम्पसका प्राचार्य घनश्याम पाठकले क्यूएए प्राप्तिसँगै यसलाई निरन्तरता दिनेमा चुनौती थपिएको बताए। विद्यार्थी, शिक्षक, अभिभावकको भूमिकाकै कारण उपलब्धि हासिल भएको भन्दै विश्वविद्यालय अनुदान आयोगको निर्धारण गरेका आठ वटा मापदण्डहरु पार गर्नु सहज नभएको उनले जनाए। योसँगै शैक्षिक विश्वासनियता प्राप्त गरेको उनले दाबी गरे। गुणस्तरका कारण अन्तर्राष्ट्रिय मान्यता पाउने, छात्रवृत्ति बढ्ने, शिक्षक कर्मचारीहरुको क्षमता अभिवृद्धिमा मद्दत मिल्ने उनले बताए। 'यात्रा बल्ल सुरु भएको छ।'- उनले भने। विश्वका विकसित राष्ट्रमा पढाइ शैली र प्रविधि अब यो कलेजमा पनि अपनाउने उनले उल्लेख गरे। क्यूएए प्राप्त भएसँगै प्रदेश सरकारबाट अनुदान समेत पाउने भएको छ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल–७, पुरानो बसपार्क
(सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:–०७१–५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-४, रूपन्देही

विगत १५ वर्षदेखि तपाईको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com